दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६४ | बुटवल | २०८२ असोज ०५ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday September 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**संविधानको एक दशक ।**

- संविधान देशको मुल कानून हो ।
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाभिने कानूनहरू बाभिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं ।
- संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार विज्ञापन बोर्ड


# बुटवलमा औद्योगिक मेला सञ्चालनमा विवाद

**एक वर्षदेखि तयारी भएको व्यापार मेलामा उद्योग संघले भाँजो हाल्न खोजेको उद्योग व्यापार संघको आरोप छ। उसले आफ्नो पालोमा भाँजो हालेमा अरुले पनि प्रदर्शनी वा मेला आयोजना गर्न नसक्ने चेतावनी दिएको छ।**










**लुम्बिनी संवाददाता**

*बुटवल*

एक वर्षअघिदेखि तयारी थालेको पाँचौ औद्योगिक प्रदर्शनी तथा व्यापार मेला एवं पर्यटन महोत्सव २०८२ मा भाँजो नहाल्न उद्योग व्यापार संघ बुटवलले रुपन्देही उद्योग संघलाई आग्रह गरेको छ। उद्योग व्यापार संघले बुटवल मण्डपमा २०८२ पुस ५ देखि १८ गतेसम्म राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला आयोजना गर्ने निर्णय गरी गत पुस २१ गते बुटवल उप-महानगरपालिकामा निवेदन दिएको थियो । संघको निवेदन दर्ता नम्बर ८८४० मा पुस २२ गते दर्ता भएको थियो ।

संघले पुस २२ गते वृहत् पत्रकार सम्मेलन गरी व्यापार मेलाबारे जानकारी गराएको थियो । त्यसबारे स्थानीय र राष्ट्रियस्तरका सञ्चारमाध्यमहरुमा समाचार प्रकाशन भएका थिए ।

यस्तै शहरी विकास मन्त्रालय विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिमा मेला आयोजना गर्न स्थानको स्वीकृतिका लागि निवेदन दिएकामा उक्त समितिले बुटवल सभा हल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाईलाई पत्राचार गर्दै पुस ४ अगावै निर्माण कार्य पूरा गरी स्थान दिन निर्देशन गरेको थियो । यी प्रकृया पूरा गरेर प्रदेश र संघीय मन्त्रालयहरुमा प्रस्तावना पत्र समेत बुझाई करिब ३० प्रतिशत तयारी पूरा गरेको अवस्थामा रुपन्देही उद्योग संघले मुलुकमा उत्पन्न विषम परिस्थितिमा एक्कासी सोही ठाउँमा पुस ३ देखि औद्योगिक प्रदर्शनी गर्ने भन्दै बोर्ड गाडेपछि उद्योग व्यापार संघले आपत्ति जनाएको छ ।

उद्योग संघलेभन्दा १५ दिन अगाडि उद्योग व्यापार संघले मेलाको जानकारी दिने व्यानर प्रदर्शनीस्थलको गेटको पर्खालमा राखिसकेको थियो ।

आफूले एक वर्षदेखि तयारी गरेको मेलाका सम्बन्धमा महिनौसम्म सार्वजनिक रुपमा मौन बसेको उद्योग संघले एक्कासी बोर्ड राखेर सरासर गलत काम गरेको उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले बताए ।

संघले शनिबार पत्रकार सम्मेलन गरी बुटवल उप-महानगरसँग बुटवलका चार व्यवसायिक संस्थाबिच भएको सहमतिलाई रुपन्देही उद्योग संघले तोडमोड गरी एकतर्फी व्याख्या गरेर बलमिच्याई गरेकाले कदापी स्वीकार्य नहुने अध्यक्ष पाण्डेले स्पष्ट पारे । बुटवलमा उद्योग व्यापार संघ, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही व्यापार संघ र रुपन्देही उद्योग संघ अगुवा संस्थाका रुपमा क्रियाशील छन् ।

» *बाँकी ३ पेजमा*

## उद्योग संघले प्रदर्शनीको बोर्ड गाड्यो

बुटवल । रुपन्देही उद्योग संघले पुस ३ गतेदेखि बुटवलमा १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला आयोजना गर्ने घोषणा गरेको छ। संघले यसअघि बुटवलका संघसंस्थाहरुबिच मेला सञ्चालन सम्बन्धमा गरिएको समझदारीअनुसार प्रदर्शनीका लागि शनिबार बोर्ड गाडेर औपचारिक सुरुवात गरेको दाबी गरेको छ ।

यसअघि संघको सचिवालय तथा कार्यसमिति बैठकबाट यसको निर्णय गरेर शनिबार औपचारिक रुपमा बुटवल रामनगरस्थित प्रदर्शनी गेटमा बोर्ड गाडेर यसको सुरुवात गरेको जनाएको छ ।

प्रदर्शनी गेट परिसरमा आयोजित कार्यक्रममा संघका अध्यक्ष दिलिप सापकोटाले रुपन्देही उद्योग संघले ४ दशकअघिबाट सुरुवात गरेको औद्योगिक प्रदर्शनी ब्राण्ड बनेको उल्लेख गर्दै यसअघि ०७८ सालमा यस क्षेत्रका व्यवसायिक संस्थाहरुबिच बसेर बुटवल उपमहानगरमा गरेको समझदारीअनुसार अघि बढेको जनाए ।

उनका अनुसार ०७८ पुस १ गते तत्कालीन नगरप्रमुख शिवराज सुवेदीको अध्यक्षतामा बैठक बसेर रुपन्देही उद्योग संघ, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही व्यापार संघ, उद्योग व्यापार संगठनको नेतृत्वबिच बसेर समझदारी गरिएको हो ।

त्यो समझदारीमा तत्कालीन अवस्थामा रुपन्देही उद्योग संघबाट माधव पौडेल, उद्योग वाणिज्य संघबाट अध्यक्ष उज्ज्वल कसजू, व्यापार संघबाट अध्यक्ष यमलाल लोहोनी, उद्योग व्यपार संघबाट अध्यक्ष गोविन्द गैरेसहितले हस्ताक्षर गरेका छन् ।

त्यसमा रुपन्देही उद्योग संघ, रुपन्देही व्यापार संघ र बुटवल उद्योग वाणिज्य संघले औद्योगिक प्रदर्शनी पालैपाले गर्ने समझदारीसहितको निर्णय गरिएको दाबी रुपन्देही उद्योग संघले पेश गरेको छ । तर उद्योग व्यापार संघले त्यो बेलामा आफ्नो संस्था मेला आयोजक भएकाले त्यसपछिका तीन वटा मेला सञ्चालनमा तीन संस्थाबिच विवाद नहोस् भनेर उनीहरुलाई पालो बाँड्नका लागि तीन संस्थाको नाम उल्लेख भएको र चौथो पटकको मेला स्वतः उद्योग व्यापार संघको हुने सहमति भएको दाबी गरेको छ ।

## व्याज अनुदानका लागि १० अर्ब निकासा

बुटवल । सरकारले सहुलियतपूर्ण कर्जाको व्याज अनुदानका लागि करिब १० अर्ब निकासा गरेको छ ।

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्षका लागि नौ अर्ब ८० करोड निकासा गरेको अर्थमन्त्रालयले जनाएको छ ।

'चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा सहुलियतपूर्ण कर्जा व्याज अनुदान प्रयोजनका लागि दोस्रो त्रैमासिक अवधिमा विनियोजन रकमलाई कार्यक्रम संशोधनमार्फत् प्रथम त्रैमासिक कायम गरी विगत सात वटा त्रैमासिकमा उपलब्ध गराइएको कर्जाको ब्याज अनुदान नेपाल राष्ट्र बैंकलाई शोधभर्ना उपलब्ध गराउन मन्त्रीस्तरीय निर्णय भएको छ ।'-अर्थमन्त्रालयका सहसचिव एवम् प्रवक्ता टङ्कप्रसाद पाण्डेद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नेपाल राष्ट्र बैङ्कले लामो समयदेखि बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको व्याज अनुदान सरकारबाट पाउन सकेको थिएन ।

यो रकम निकासा भएसँगै कर्जा विस्तारका लागि थप सहज हुने अनुमान गरिएको छ ।

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा रु पाँच करोडसम्म, महिला उद्यमशील कर्जा तथा स्टार्टअप उद्यम कर्जा रु २५ लाखसम्म उपलब्ध गराउन सक्ने व्यवस्था छ ।

त्यसैगरी वैदेशिक रोजगारबाट फर्केका युवा तथा शिक्षित युवा परियोजनाका लागि रु २० लाख बराबर सहुलियतपूर्ण कर्जा उपलब्ध गराइँदै आएको छ ।

प्राकृतिक विपद् पीडितको निजी आवास निर्माण कर्जाका रुपमा रु पाँच लाख बराबर कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ । बैङ्क तथा वित्तीय संस्थाहरुले उपलब्ध गराउने यस्तो सहुलियतपूर्ण कर्जाको व्याज भुक्तानीका लागि सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ ।

## 'संविधान क्षतविक्षत हुनबाट राष्ट्रपतिले जोगाए'

बुटवल । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टी बैठकमा महामन्त्रीद्वय गगन कुमार थापा र विश्वप्रकाश शर्माले राखेको प्रस्तावबारे अहिले नै केही धारणा सार्वजनिक गर्न नसकिने बताएका छन् ।

देश नै विषम परिस्थितिमा रहेको बेलामा अहिले पार्टीको प्रारम्भिक धारणामाथि मात्रै छलफल भएकाले पूर्णरुपमा धारणा सार्वजनिक गर्ने बेला नआइसकेको उनको भनाइ थियो । पार्टी केन्द्रीय समिति बैठकमा पर्याप्त छलफल गरेर मात्रै महामन्त्रीद्वय थापा र शर्माको प्रस्तावमाथि थप धारणा राख्ने कोइरालाले बताए ।

शनिबार विराटनगरमा सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा कोइरालाले भने-'अहिले छलफलमात्रै भएको हो ।'

शुक्रबार बसेको पार्टीको बैठकमा महामन्त्रीद्वय थापा र शर्माले पार्टी पुनर्गठनका लागि नियमित वा विशेष महाधिवेशन गर्न सकिने विचार राखेका थिए ।

'म पनि त्यो केन्द्रीय कार्यसमिति बैठकमा छु । कसले के बोल्नुभयो, कसो बोल्नुभयो सबै थाहा छ,' कोइरालाले भने-'केन्द्रीय समितिले निर्णय नगरी अहिले केही बोल्नसक्ने अवस्था छैन । कसले के भन्यो भन्ने कुरा होइन, नेपाली कांग्रेसले के बोल्छ भन्ने मुख्य कुरा हो ।'

नेता कोइरालाले देशको संविधान क्षतविक्षत हुनबाट राष्ट्रपति रामचन्द्र पौडेलले जोगाएको पनि उल्लेख गरे ।

'संविधानलाई धेरै नचलाइ न्यूनतम क्षति गरेर चुनावको घोषणा गरिएको छ । त्यो चुनाव हुन्छ भन्ने अपेक्षा लिएका छौं ।'- उनले भने ।

साथै, संविधानको धारा ६१ को उपधारा ४ लाई टेकेर राष्ट्रपतिले निर्वाचन घोषणा गरेको र त्यसले संविधान डिरेल हुनबाट जोगिएको पनि बताए ।

'सरकारले यो संविधानमा भएको प्रावधानलाई टेकेर ६ महिनाभित्र चुनाव गर्ने भनेको छ,' कोइरालाले भने-'अहिले संविधान डिरेल भएको छ, तर यसलाई ट्राकमा ल्याउने भनेको निर्वाचनबाटै हो ।'

जेनजीको मागहरू सम्बोधन गर्ने कुरामा आफूहरूको ध्यान नपुगेको उनले स्वीकार गरे ।

## दसैं टिकाको उत्तम साइत कतिबेला छ ?

बुटवल । अन्तर्राष्ट्रिय पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको दसैंको टीकाको उत्तम साइतबारे जानकारी गराएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यसअघि नै नेपालका लागि असोज १६ गते बिहान ११:५३ बजे टीकाको उत्तम साइत रहेको जानकारी गराइसकेको छ ।

यसैबिच शनिबार अन्तर्राष्ट्रिय पञ्चाङ्ग निर्णायक समितिले विभिन्न देशको उत्तम साइतबारे जानकारी गराएको हो ।

जसअनुसार, भारतमा ११:४९, अमेरिकाको न्युयोर्कमा ११:२५, अमेरिकाको फ्र्यांकफर्ट, केन्टुकीमा ११:५७, टेक्सासमा ११:३३, क्यालिफोर्नियामा ११:११, क्यानडाको टोरेन्टोमा ११:११, अष्ट्रेलियाको सिड्निमा ११:४३ बजेको साइत उत्तम रहेको जनाएको छ ।

२०८२ सालको दसैं असोज ६ गतेदेखि सुरु हुन्छ । ६ गते घटस्थापना हो । असोज ७ गते मंगलबार बिहान ९:५३ बजे झण्डा फेर्ने साइत पर्छ भने असोज ११ गते शनिबार श्रीपचलीभैरव यात्रा हुनेछ ।

असोज १३ गते सोमबार फूलपाती, श्री तुलजाभवानी यात्रा बिहान ७:१७ बजे र स्थिरासन बिहान ९:२३ बजे तोकिएको छ ।

## दाउन्ने खण्डमा दसैं अवधिभर १२ चक्केभन्दा माथिका गाडी चलाउन नपाइने



बुटवल । बुटवल-नारायणघाट सडकको दाउन्ने खण्डमा दसैं अवधिभर ठूला भारवाहन सवारी साधनहरू (१२ चक्के र सोभन्दा माथि) सञ्चालन नहुने भएको छ ।

शनिबार दिउँसो भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको छलफलपछि सो सडकखण्डमा दसैंको अवधिभर यात्रुबाहक सवारीहरूको चाप बढ्ने भएकाले ठूला भारवाहन सवारी साधनलाई रोक लगाउने निर्णय भएको हो । त्यसका लागि सम्बन्धित पक्षलाई आग्रह गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

ऊर्जा र शहरी विकास मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका भौतिकमन्त्री कुलमान घिसिङको सचिवालयले दिएको जानकारी अनुसार, खाद्यान्नलगायतका अत्यावश्यक सामग्रीहरू ढुवानी गर्ने सवारी साधनलाई भने निरन्तर आवागमन हुने व्यवस्था गर्ने निर्णय भएको छ ।

गत असारमा पनि यो सडकखण्डमा वर्षापछि भएको हिलोका कारण दुई दिनसम्म सवारी आवतजावतमा समस्या भएको थियो ।

निर्धारित अवधिमा काम नसकिएपछि बुटवल-नारायणगढ सडक विस्तारको म्याद चौथो पटक फेरि एक वर्ष थपिएको छ । पूर्वी खण्डको म्याद आगामी २०८३ साउन ७ र पश्चिम खण्डको म्याद २०८३ साउन ५ सम्म थपिएको छ । नारायणगढ-बुटवल सडकखण्डलाई दाउन्नेदेखि पूर्व गैंडाकोटसम्मको क्षेत्रलाई पूर्वी खण्ड र दाउन्नेदेखि पश्चिम बुटवलसम्मको सडक क्षेत्रलाई पश्चिम खण्ड भनिन्छ । २०७५ चैतबाट काम थालेको चिनियाँ ठेकेदार कम्पनीले तोकेको समयमा काम नसकेका कारण म्याद थपिएको हो ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# छिटो छानबिन र दोषीलाई कारबाही हुनुपर्छ

भ्रष्टाचार नियन्त्रण र सामाजिक सञ्जाल बन्दको विरोधमा भदौ २३ गते भएको नवयुवाको प्रदर्शनमा गोली लागेर २१ जना र २४ गते भएको तोडफोड, आगजनी र प्रहरीको गोली लागेर ५२ गरी ७३ जनाको ज्यान गएको छ। देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालतसहित विभिन्न सरकारी कार्यालय, राजनैतिक दलका नेताको घर, औद्योगिक प्रतिष्ठानमा आगजनी गर्दा ठूलो क्षति भएको छ। यति छोटो समयमा यति ठूलो जनधनको क्षति हेर्दा राज्यको दमनले तत्काल उत्पन्न आक्रोशले मात्रै होइन्, यो क्षति नियोजित र योजनाबद्ध तयारीका कारण सम्भव भएको हो भन्ने निष्कर्ष निकाल्न अब ढिलाइ गर्न हुन्न।

घटनापछिका नेपाली सेनासहित सुरक्षा निकायको क्रियाकलाप, सतहमा आएका अनुहार र उनीहरुका भनाइले प्रष्ट भएको छ- युवाको शान्तिपूर्ण आन्दोलनलाई 'अपहरण' गर्ने काम भयो । नेपालको स्वाधीनता, सार्वभौमसत्ताविरुद्धका हर्कत जति नै ढाक्न खोजे पनि पर्दा खुल्दै गर्दा धेरै विषय बाहिर आउने नै छन् । शान्तिपूर्ण प्रदर्शन गर्ने भनेर नवयुवाले बारम्बार भने पनि कसरी हिंसात्मक भयो ? भदौ २३ गते गोली लागेर मृत्यु भएका युवामाथि गोली प्रहरीले चलायो कि अरु कसैले ? अहिले उठेका यी प्रश्नको उत्तर सार्वजनिक हुनुपर्छ । नवयुवाले भनेको शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ भएकोले प्रदर्शनबाट फर्कन आयोजकले विज्ञप्ति जारी गरेको र साँझ सुरक्षा निकाय प्रमुखले प्रधानमन्त्री र गृहमन्त्रीलाई आन्दोलनमा घुसपैठ भएको रिर्पोटिङ गरेकोले धेरै सन्देश जन्माएको छ । यो सन्देहलाई बल पुऱ्याउने केही तथ्य छन्, जस्तो कि कालो मास्क र भिन्दै खालको पोशाक लगाएका केही युवा आन्दोलनको हुलमा मिसिएको देखिन्छ । ती व्यक्ति को हुन् ? आन्दोलनमा सहभागी नवयुवामध्ये केहीले तिनै व्यक्तिले गोली चलाएको बताइरहेका छन् । गोली लागेका युवाको टाउको र छातीमा मात्रै लागेकाले गोली लागेकाले शंका गर्ने ठाउँ धेरै छ । भिड नियन्त्रण गर्दा अपनाउनुपर्ने अरु उपाय असफल भएपछि प्रहरीले गोली चलाउँछ । यसरी चलाएको गोली प्रहरीले टाउको र छातीमा ताकी ताकी गोली हान्दैन्, कसैको खुट्टामा कसैको हातमा वा अन्यत्र लाग्न सक्छ ।

आयोजकले घुसपैठ भनेको र नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले पनि आगजनी र विध्वंश नेपालीले गर्नै नसक्ने र षड्यन्त्र हुनसक्ने बताइसकेकी छिन् । उनको यो भनाइ अर्थपूर्ण छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जेनजी आन्दोलनमा सरकारले गोली चलाउन आदेश दिएको थिएन । र, युवाहरु मारिएको प्रहरीको गोलीबाट होइन् भनेर गरेको दाबी गरेकाले सत्य तथ्य सार्वजनिक हुनुपर्छ । प्रहरीले त्यहाँ कुन-कुन हतियार प्रयोग गरेको थियो ? ती हतियारमा प्रयोग हुने गोली र मृत्यु तथा घाइते युवालाई लागेको गोली कस्ता थिए ? त्यसबारेमा छानबिन भयो भने आन्दोलनमा घुसपैठको तथ्य बाहिर आउने छ । सरकारले यो घटनाको छानबिन समिति छिटो बनाउनुपर्छ । सत्य तथ्य मेटिन नदिनका लागि छानबिन समितिले तत्काल काम गर्नुपर्छ । सरकारले जुन ढंगले काम गर्नुपर्ने हो, अपेक्षित छैन । सत्य तथ्य पत्ता लगाएर दोषीमाथि कारबाही गर्दा मुलुकको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन सघाउ पुग्छ । सत्य तथ्य पत्ता नलाग्ने हो भने मुलुक झनै कमजोर हुने भएकाले जे-जति प्रश्न उठेका छन्, ती प्रश्नको निरुपण हुनुपर्छ ।

### जेनजी विद्रोह र दुःखद घटनाः

# अब देश कता ?



झपेन्द्र जिसी



गण्डकी प्रदेशतिरको बच्चाबच्चीलाई माया गरेर जिन्नाजिन्नी भन्छन् । अंग्रेजी भाषामा २७ वर्षमुनिका १३ वर्षमाथि उमेर समूहकालाई जेनजी भन्दा रहेछन् । यो कुरा पंक्तिकारले पहिलो पटक भाद्र २३ गते २०८२ मा सुन्यो । यो मान्छे आफ्नो परिवारसहित केही पुस्तकहरु तिज पर्वको सांस्कृतिक अध्ययन, इतिहाससम्बन्धी केही पुस्तक लिएर काठमाडौंबाट आउने क्रममा बुटवल धागो कारखानानेर गाडी रोकिएपछि थाहा पाइयो । गाडीबाट झरेर फटाफट आफ्नो निवासतिर गएँ । सानो नातिनी म र श्रीमतीसमेत गरी तीन जना बाँकी रह्यौं ।

खर्लाङ खुट्टी ठ्याक खर्लाङ खुट्टी ठ्याक गर्दै हिंड्नु बाध्य प्यारालाइसिसले पीडित म बिरामी तै पनि निवासतिर गाडीबाट झर्दा सुरक्षाकर्मीले बुबा कफ्र्यू लागेको छ । नजानुस् जान पाइँदैन बुबाआमा ? यसो कहींबाट त जानै पऱ्यो नि भनौं । सुरक्षाकर्मीबाट कुनै उत्तर आएन !

हाम्रो गाडीका ड्राइबर (चालक) निकै चलाख र वलिष्ट जस्ता देखिन्थे । 'न झर्नूहोस् बुबा यहीं बसौं ।'- चालकले भने । ढाडस मिल्यो ।

'बुबा-१४ जना मान्छे काठमाडौंमा मरिसकेका छन्, खतरा छ । के आन्दोलन हो यो ? कसले कसले गरेको हो ?

सुन्छु विद्यार्थीले हो, बढी थाहा छैन ।'- उनले भने ।

राति अँध्यारो भएपछि पूर्वबाट आइरहेको एम्बुलेसमा बासस्थानमा जनतन पुगियो, ज्यान त बँच्यो भन्ने भयो । उनले भने- 'भ्रष्टाचारका विरुद्ध र सामाजिक सञ्जाल खोल्न दबाब दिन आन्दोलन भएको रे !'

२४ गते त प्रधानमन्त्री स्वयंले पदबाट राजीनामा दिएको सुनियो । त्यति मात्र होइन । २४ गते त सिंहदरबार परिसरभित्र जान मोटाघाटा मान्छेहरुले गललले धनले पर्खाल भत्काउने उद्योग गरिरहेको देखियो ।

क्रमशः सुनिदै गयो सरकारी भवन संरचनामा आगजनी भयो रे !

राजनीतिक दलहरुको पार्टी भवनमा पनि आगजनी भए । जतातत‌ै सन्त्रासभय वातावरण सिर्जना भयो ।

क्रमशः राष्ट्रपतिले रियायर्ट प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरेछन् । तिनै प्रधानमन्त्रीले निर्वाचित प्रतिनिधिसभा र मन्त्रिपरिषद्‌लाई विघटन गरिछन् ।

अनिर्वाचित व्यक्तिलाई प्रधानमन्त्री बनाउने कुरा संविधानले चिन्दैन । तर सुशीला कार्की प्रधानमन्त्री बनिछन् । कसरी बनिन् ? कसले भनेर बनिन् ?

हो, संकटको निकास निकाल्नु थियो । निकास निकाल्न निर्वाचित प्रतिनिधिसभाका सदस्यबाट नै प्रधानमन्त्री बनाइनु पर्दथ्यो र सो मन्त्रिपरिषद्को सिफारिसमा मात्र अर्को प्रधानमन्त्री बनाइनु पर्दथ्यो भन्ने धेरै कानुनी विशेषज्ञहरुको दाबी रहेको छ । हुन त प्रधानमन्त्री स्वयं कानुन विशेषज्ञ हुन् । यसरी नै ओमप्रकाश अर्याल पनि ठूलै कानुन्चे हुन् र उनै कानुन्चेलाई गृहमन्त्री पदमा प्रधानमन्त्री सुशीला कार्कीले नियुक्ति गरेकी छिन् । अहिले हाम्रो देशमा सैनिक शासन छैन भन्ने देखाउन पब्लिकबाट प्रधानमन्त्री बनाइएको छ । तर प्रधानमन्त्रीको व्याकफोर्समा को छ भन्ने प्रश्न उठ्दैछन् ।

लिपुलेक, कालापानी र लिम्पियाधुराको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने सरकार प्रमुखलाई भारत सरकारले औपचारिक निमन्त्रणा गरेन् । पछिल्लो चरणमा दिल्लीमा बोलाए, बोलाए झै गऱ्यो र यहीं चाल भयो भन्नेहरुको जमात पनि ठूलै छ ।

अहिले त दिल्ली अर्थात् साउद ब्लकबाट प्रधानमन्त्री सुशीला कार्कीज्यूलाई शुभकामनाका गुच्छाहरु आइरहेका छन् ।

भारतमा निर्वासित तिब्बती धार्मिक नेता दलाई लामाले समेत इतिहासमा नै नभएकमो कुरा प्रधानमन्त्री सुशीला कार्कीलाई शुभकामना र बधाई दिएका छन् । यो रहस्यमय छ । भन्ने भनाइ कुटनीतिक क्षेत्रका विद्धानहरुको छ ।

यी सबै चालामाला हेर्दा निको छैन । भन्छन् त !

प्रधानमन्त्री सुशीलाले लोकतान्त्रिक गणतन्त्र र राष्ट्रिय स्वाधीनताको झण्डा उठाउन सक्लिन् नसक्लिन् ? गानो जाने र शूल हुने डर छ ! स्वाभिमानी नेपाली जनता व्यग्रतापूर्वक लेखाजोखा गर्दैछन् ! कतै देश सिक्किम नहोस्, खतराको घण्टी बजेको छ ।

जेनजी बाबु नानीहरु अवश्य नै निर्दोष र अवोध छन् । उनीहरुको भावनामाथि खेलवाड गर्न कोही न कोही लागेकै हुनुपर्छ भन्ने चर्चा राजनीतिक रंगमञ्च छ । नानीबाबुलाई ढाल बनाउनु अपराध हो । सरकारले सामाजिक सञ्जाल बन्द गर्न थालेको होइन र नियमन गर्न मात्र हो भनेर पटक-पटक भनिरहेको थियो, तर विदेशीहरुले हाम्रो देशमा सञ्चार क्षेत्रमा होस् वा अन्य क्षेत्रमा केही गर्न चाहन्छ भने दर्ता गरेर मात्र चलाउन सक्छ यो स्वाभाविक कुरा हो । यो विषयमा अवश्य नै नानी बाबुको पनि सहमति हुनुपर्छ भन्ने लाग्छ ।

तर बर्बाद भयो नानीबाबुको माग, एकातिर व्याकमा उचाल्नेहरुले नानीबाबुको मागलाई अर्कोतिर हुत्ताइदिए, अपसोच यसले जनधनको खति भयो । राजनीतिकरण भयो, संसद विघटन र संविधान बाहिरबाट सरकार निर्माण भए । संघर्ष गर्दा वा विद्रोह गर्दा राज्य समक्ष मागहरु पहिले नै प्रस्तुत गर्नु आवश्यक हुन्छ । ती मागहरुलाई सार्वजनिक पनि गरिनुपर्दछ । तर नानीबाबुहरुले एक्कासी विद्रोह गरे र जनधनको खति भयो । राज्यपक्ष जति संयमित बन्नुपर्ने थियो, बन्न नसकेको देखियो । राज्यका संयन्त्रहरुले त्यो विद्रोहमा को कसको घुसपैठ हुँदैछ, यो पत्ता लगाउनु पर्दछ र पर्दथ्यो । राज्यको उदासिनता देखियो ।

**निचोडः**

जे नहुनु पर्ने हो त्यो भयो ! राजनीतिक विद्रोह होइन भने पनि त्यो विद्रोहले पछिल्ला चरणमा राजनीतिक रंग रोगन नराम्ररी घसेको छ । त्यसैले गर्दा संसद् र मन्त्रिपरिषद् अनिर्वाचित जनमतबाट निर्वाचन नभएकी सुशीला कार्कीले विघट गरिन् । अब संवैधानिक बाटोलाई पक्रन सर्वप्रथम त विघटित संसदको पुनर्स्थापना गरेर र संसदबाटै प्रधानमन्त्री र सरकार गठन गर्नु वाञ्छनीय छ । जेनजी युवाहरुबाट सरकारमा समावेश गर्दा राम्रै हुने देखिन्छ ।

जसले प्राण आहुति गर्ने जेनजी नानीबाबुप्रति हार्दिक श्रद्धाञ्जली !

आफूलाई धुरन्धर मानव अधिकारकर्मी ठान्ने, धुरन्धर राजनीतिक विश्लेषक ठान्नेहरुले र आफूलाई धुन्धर परराष्ट्रविद् ठान्नेहरुले नेपालमा डलर र पौण्डको विस्कुन सुकाउनेहरुले जेनजी पुस्ताले कमाल गरेर भनेर प्रंशसामा बोल्दैछन्, निकै खुशी मुद्रामा देखिन्छन् । यो प्रवृत्ति राम्रो हो कि नराम्रो । यो विश्लेषणको विषय हो ।

स्मरणीय छ र मननीय छ, सुशासनयुक्त र भ्रष्टाचारमुक्त राज्य र समाज हुनु जनताको माग हो । भ्रष्टाचार गर्ने देशका महा शत्रु हुन् । कोको त्यस्ता महाशत्रु हुन् चिनौं । शंकाका भरमा कसैमाथि पनि आरोपित गर्ने काम पनि नगरौं ।

देशभक्त नेपालीहरु यो बेला अत्यन्त संवेदनशील र भावुक बनेका छन् । दक्षिणतिरका मित्र भनिएका भारतीय कतिपय व्यक्तिहरु निकै खुशी छन् । समुद्रपारका देशहरु पनि उत्तिकै खुशी छन् । चीनको स्वशासित क्षेत्र तिब्बतका भारतमा निर्वासित दलाई लामा पनि उत्तिकै खुशी छन् । त्यसैले दलाई लामाले निर्वाचित सरकारलाई र प्रतिनिधिसभालाई विघटित गरेर सुशीला कार्कीलाई बधाई र शुभकामना दिने काम गरेका छन् । यो भनेको गिद्ध र स्यालको रजाइँ भएझैं हो । कतै देशको अस्तित्व गुम्छ कि भनेर स्वाभिमानी देशभक्त नेपाली अत्यन्त चिन्तित छन् । १० वर्षे राजनीतिक द्वन्द्व, २०७२ को महाकुम्भ र त्यसपछि फैलिएको कोरोना महामारीले थिलथिलो भएको अर्थतन्त्र लयमा आउँदै गरेको बेला पुनः देश ५०/६० वर्ष पछाडि धकेलिएको अर्थशास्त्रीहरुको अनुमान छ । जनताले मन बुझाउने ठाउँ छैन । तर पुनर्निर्माण र पर्यटन व्यवसाय लयमा फर्किसक्यो भनेर गैर संवैधानिक र असंसदीय सरकारले भाषण फुकन थालेको छ । के भन्ने ? भन्न पनि गाह्रो छ । जनता सनत्रासमय वातावरणमा जिरहेको अवस्था छ ।

# आधुनिक बुहारीका पीडाहरू



तुल्सीराम पाण्डे

पुरानो समयमा बुहारीहरुले धेरै कष्ट सहेर घर खाएको र माइत-घर दुवैतर्फको इज्जत थामेको कुरा सबैका आमा हजुरआमाहरुले सुनाउनुहुन्थ्यो । सबै गाउँमा त्यस्तै चलन भएर नै होला 'सही बुहारी, रही व्यापार' भन्ने उखान पनि सुनिन्छ । आजभोलि चेतना, अधिकार र कानुनको कारणले पहिलेको जस्तो कष्ट कसैलाई पनि छैन । सरदरमा हेर्दा पुरुषहरु कमाउन विदेश गएको र महिलाको हातमा कारोबार आएको देखिन्छ । व्यवहार नजानेका महिलाको हातमा पैसा परेमा मोजमस्ती गरेर घर बिगारेको समेत देखिन्छ । घर बिगार्नेहरु थोरै सङ्ख्यामा भए पनि हल्ला ठूलो छ । घर सपार्नेहरुको सङ्ख्या धेरै भए पनि समाजमा चर्चा हुँदैन ।

आजभोलि समय बदलिएको हुनाले बुहारीहरुले पनि पढ्न र जागिर गर्न पाएका छन् । समाजमा रहेको बानी र संस्कार एकैचोटी नबदलिने हुनाले केही बुहारीहरुले अहिले पनि अन्याय र पीडा सहेरै घर खाएका छन् । दुःखको तरिका मात्र बदलिएको छ । अहिलेको बुहारीका दुःखहरु परिवार, समय र ठाउँअनुसार फरक-फरक देखिन्छन् ।

बुहारी जागिरे भए पनि भात पकाउने भाँडा माझ्ने लुगाधुने केटाकेटीलाई ख्वाउने, स्कुले केटाकेटीको किताब, कापी, झोला ठिक्क पारिदिने, पोशाक लगाइदिने काम बुहारीले नै गर्नु पर्दछ । हुर्केका बच्चाहरुले पनि मोबाइल र टिभिको लतले खाना समेत आफैं खाँदैनन् । ७/८ कक्षमा पढ्नेलाई समेत छिटो गर्नको लागि आमाले खुवाइ दिनु पर्दछ । आफ्नो गृहकार्य समेत समयमा नगर्ने हुनाले गृहकार्य पनि आमाले नै गराउनु पर्दछ । हुर्केका बच्चाहरुले पनि आमालाई काममा सघाउँदैनन् । छोरा जागिरे भएमा समयमा अफिस पुग्नुपर्छ भनेर सासुले भात पकाउँछन् । दुबैजना जागिरे भएमा र डेरामा बसेको भए पनि पालैसँग घरको काम गर्दैनन् । अफिसबाट आएपछि श्रीमतीले भान्साको तयारी गर्ने र श्रीमानले आराम गर्दछन् ।

हाम्रो सामाजिक संस्कार अनुसार सबैभन्दा पछि बुहारीले खाने पालो आउँछ । अफिस जाने बुहारीले पहिलै खाएको परिवारले रुचाउँदैनन् । बुहारीको समस्या सासुले बुझेर पहिलै खान दिएमा मात्र बुहारीहरु समयमा अफिस जान पाउँछन् । अरुको समस्या नबुझ्ने र आफ्नो मात्र हैकम चलाउने परिवारमा दोजिया अवस्थामा पनि पहिलै र भोक लागेको समयमा बुहारीले खान पाउँदैनन् । दिनभरी अफिसको कामले थाकेर आएकी बुहारीको पीडा सासुले समेत बुझ्दैनन् । उही पुरानै तरिकाको घाँस दाउरा मेलापातलाई मात्र काम देख्दछन् । अरुसँग कुरा काट्दा दिनभरी बसेर आउँछे भन्दछन् ।

अफिस टाढा भएमा गर्भवती अवस्थामा हिँडेर र गाडीमा चढेर झ्याँकिदै जान गाह्रो हुन्छ । सधैं गाडिमा हिँड्दा आमालाइ र बच्चालाई समस्या आउनसक्छ । सुत्केरी भएपछि पनि समस्या आउनसक्छ । दिनदिनै बच्चालाई लिएर अफिस जान सकिँदैन । बच्चा छोडेर जाँदा दूध खुवाउन पाईदैन । बच्चाको चिन्ता लागिरहन्छ । आरामले जागिर गर्न अफिसको नजिकै डेरा गर्नु पर्दछ । बच्चा हेर्नको लागि परिवारको एक जाना मानिस चाहिन्छ । घरमा मिल्दो मान्छे नभएमा वा बच्चा हेर्न नचाहेमा धाई राख्नु पर्दछ । धाईलाई तलब पनि आफैंले दिनु पर्दछ । बुहारीलाई हेप्ने सासु ससुराले बच्चाको सुसार गर्दैनन् । कि जागिर छोडेर बस् कि आफ्नो बच्चा आफैं हेर भन्दछन् । धाई राखेर डेरामा बस्दा कमाइ बँच्दैन । त्यसपछि फेरि कमाइ जति सबै माइत दिएकी छ, छोरालाई पनि जितेकी छ भन्दछन् । बुहारीको दुःख नबुझ्ने परिवारका बच्चाहरु हेर्न माइतीले व्यवस्था मिलाइदिएका छन् । आमाले छोड्न मिल्ने भएपछि पनि माइतीले नै हुर्काउने र पढाउने गरेका छन् । सानो बच्चा भएका महिलाले विदेश भ्रमण तालिम र गोष्ठीमा भाग लिने अवसर पाउँदैनन् ।

केही परिवारमा छोराको चाहनाले गर्दा बुहारीको इच्छाविपरीत लिङ्ग पहिचान गर्ने र छोरी भएमा गर्भपतन गर्दछन् । सजिलोसँग गर्भपतन गर्न नमानेमा कुटपिट गर्दछन् । कुनै ठाउँमा हत्या समेत भएको छ । पढेकी बुहारीले आफ्नो योग्यताअनुसारको पेसा गर्न पनि परिवार सहमत हुँदैनन् । सल्लाह गर्न खोज्दा कि मलाई पालेनन् भन् कि हामीले भनेको मान् । पेसा गर्ने भएमा सबै परिवार तेरा कमाइले पाल् । आफ्नो खुसी गर्ने भएमा जेसुकै गर भन्दछन् । पुरानो सोँच भएका परिवारमा महिलाले जागिर वा पेसा गर्नुलाई गाई जोतेर खाएको मानिन्छ । त्यसो गरेमा धर्म र परम्पराको विरुद्धमा हुने हुनाले घरको इज्जत जान्छ भन्दछन् । संस्कार र इज्जत थामेर जागिर गर्न साह्रै गाह्रो हुन्छ । आफूमाथि यौन जन्य हिंसा भएमा पनि अफिसमा र घरमा बताउन सक्दैनन् । सानातिना घटना बताएमा उल्टै कुरा काट्दछन् । कसैले नगरेको जागिर गरेकी, मस्किदै हिंडेकी थिइहोली, अर्काले त्यसै त हात हाल्दैनन्, थपक्क घरै बसेको भए हुन्थ्यो भन्दछन् ।

कसैका श्रीमती विदेश गएमा र लोग्ने मान्छे घरमा बसेमा लोग्नेले पनि श्रीमतीको कमाइले रक्सी खाने र अरुसँग हिंड्ने गरेका छन् । विकशित देशमा जाने महिलाहरुले काममा जाँदा यहाँको चलनअनुसार रातो लुगा, चुरा, टीका, लाउन र लामो कपाल राख्न पाउँदैनन् । यहाँ लाएको सम्झँदा रहर लागेर कोठामा आएपछि यहाँ जस्तै लुगा लाउने र फेसबुकमा राख्ने गर्दछन् । लामो कपालको सुसार गर्न समय नपुग्ने हुनाले कपाल काट्ने र छरितो लुगा लगाउने गर्दछन् । विदेश जान पाउने आशमा खुसी भएर विवाह गरे पनि विदेश गएपछि सधैं काममा घोटिइरहनु पर्दछ । कुनै परिवारमा श्रीमान श्रीमतीसँगै बस्न नपाएर बच्चा जन्माउन ढिलो भएमा पनि बुहारीलाई नै अनेक बाहानाले कुरा काट्दछन् । घरधन्दा गर्ने बुहारीलाई खर्च चाहिएको समयमा पैसा नदिने र दिए पनि एक एक हिसाब खोज्ने गर्दछन् । छोरीलाई भने लुकाएर पेवा बनाइदिन्छन् ।

निजी कम्पनी र अन्य सानातिना ठाउँमा काम गर्ने महिलालाई भारी जीउ भएको कारणले काममा ढिलो भएमा कामबाट निकालिदिन्छन् । बच्चा जन्मेपछि पनि राम्रोसँग काम गर्न नसकुञ्जेल काममा राख्दैनन् ।

# स्वास्थ्यचौकीको भवन जीर्ण हुँदा सेवा प्रभावित



म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटमा रहेको स्वास्थ्यचौकीको भवन जीर्ण बनेपछि सेवा प्रभावित भएको छ ।

तीस वर्षअघि निर्माण भएको एक तले भवनको छानो चुहिन थालेपछि त्रिपालमुनि बिरामीको उपचार गर्नुपर्ने अवस्था छ । चौकीका प्रमुख अजित विकले बर्खायाममा पानी चुहिएर समस्या भएपछि त्रिपालले छाना छोपेर बिरामीको उपचार गर्ने गरिएको बताए ।

"जीर्ण भवनमा पानी चुहिएर समस्या भएको छ । तीन वर्षयता बर्खामा त्रिपालमुनि बिरामी राखेर सेवा दिएका छौँ", उनले भने-"गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिरहेका छैनौँ । त्रिपाल थोत्रो भएकाले यसपालि पनि वडा कार्यालयसँग त्रिपाल माग गरेका छौँ ।"

बिरामी जाँच, औषधि वितरणदेखि सामान्य उपचारसम्म जीर्ण भवनमै हुने गरेको छ । छानाबाट पानी चुहिने समस्या समाधान गर्न छानामा त्रिपाल ओढाएर अस्थायी व्यवस्था मिलाइएको छ । भवनमा भएका चार वटा कोठा साँघुरा छन् ।

यस वर्षदेखि प्रसूति सेवा पनि सुरु गरेको स्वास्थ्यचौकीमा मासिक १५० देखि २०० जनाले सेवा लिने गरेका छन् । निस्कोट स्वास्थ्यचौकीको भवन विसं २०५० मा निर्माण भएको थियो । मालिका गाउँपालिका-१ निस्कोटका वडाध्यक्ष टङ्कप्रसाद पुनले जग्गाको अभावमा स्वास्थ्यचौकीको भवन निर्माण प्रक्रिया अघि बढाउन नसकेको बताए ।



**पोखरामा भेडाच्यांग्रा**

पोखरा महानगरपालिका-१ स्थित जौबारीमा बिक्रीका लागि राखिएका भेडाच्याङ्ग्रा। दसैँतिहार पर्वका लागि मुस्ताङ, मुगु, डोल्पा, बझाङलगायत जिल्लाबाट ल्याइएको भेडाच्याङ्ग्रा बिक्रीका लागि यहाँ राख्ने गरिन्छ। तस्विरः धनबहादुर गुरुङ/रासस

# स्याङ्जामा पहिरोबाट ६ घरगोठ जोखिममा



स्याङ्जा। पाँच दिनदेखि परेको अविरल वर्षाका कारण स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका-३ चिचीकुनाका ६ घरगोठ जोखिममा परेका छन्। घरनजिकै वर्षासँगै जान लागेको पहिरोले चिचीकुना बस्ती जोखिममा परेको हो।

स्थानीय ईश्वरीप्रसाद मरासिनी, भवानी मरासिनी, पिताम्बर मरासिनी, हुमाबती दोरङ्गा, भवानीदत्त दोरङ्गा र नवीन दोरङ्गाको घर तथा गोठहरु बस्न नहुने अवस्थामा पुगेका छन्। पानी पर्नेक्रम नरोकिएको जनाउँदै तत्कालका लागि बस्तीमा नबस्न सुझाव दिँदै नगरपालिकाले अस्थायी बाससहित आवश्यक सहयोग गर्ने जनाएको छ।

एउटा बस्ती नै जोखिममा देखिएको जनाउँदै भूगर्भविद बोलाएर जमिन परीक्षण गरेर मात्र बस्न उपयुक्त छ वा छैन एकिन गरिने प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले बताए। विपद् व्यवस्थापन समितिको बैठकले भूगर्भविद झिकाई जमिनको जाँचबुझ गर्ने निर्णय गर्ने जिल्लास्तरीय विपद् व्यवस्थापन समितिका संयोजक अर्यालले जनाए।

तत्कालका लागि आफन्त तथा नजिकको सुरक्षित स्थान खोजेर बस्न सुझाब दिएको अर्यालले बताए। सबै घरपरिवारले भैंसीपालन गर्दै आएका छन् भने भैंसी, बाख्रालगायतका बस्तुभाउ र अन्नपात समेत रहेकाले तत्काल घर छाडेर निस्कन समस्या रहेको पहिरो पीडितको भनाइ छ।

# बजेट अभावमा अलपत्र अस्पताल

ढोरपाटन। चार वर्ष अगाडि निर्माण सुरु भएको निसीखोला आधारभूत अस्पताल बजेट अभावमा अलपत्र परेको छ। विसं २०८० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको उक्त अस्पताल पर्याप्त बजेट नआउँदा अलपत्र परेको हो। निसीखोला गाउँपालिका-४ झिम्पामा बन्दै गरेको १० श्ययाको आधारभूत अस्पताल निर्माणका लागि लागि विसं २०७८ साल माघ २० गते सम्झौता भएर काम सुरु भएको थियो।

रु आठ करोड २४ लाखमा निर्माण सुरु भएको अस्पताल विसं २०८० पुसमा सम्पन्न गर्ने गरी निर्माण सुरु भएको थियो। हालसम्म ८० प्रतिशत मात्रै काम सकिएको हिन्दुङ आइएस/एसी जेबी कन्ट्रक्सनका प्रमुख दीपककुमार अदैले जनाकारी दिए। बजेट नआउँदा एक वर्षदेखि काम रोकिएको उनको भनाइ छ।

पालिकाबाट भुक्तान गर्न बाँकी रहेको रु एक करोड १० लाखसहित थप रु ६० लाख व्यवस्थापन गर्नसके काम गर्न समस्या नहुने उनी बताउँछन्। लामो समयसम्म काम गरेको भुक्तानी नपाउँदा समस्या परेको अदैले सुनाए। पालिकाले बजेट व्यवस्थापन गरेको भए अघिल्लो वर्षनै अस्पताल सम्पन्न भई सक्ने उनको भनाइ छ।

पोहोर साल नै सकिनुपर्ने अस्पतालको काम बजेट नआएपछि गत असार मसान्तसम्म म्याद थप भएको थियो। बजेट नआएसम्म काम गर्न नसकिने अदै बताउँछन्।

अदैले भने-"यो अस्पतालको काम अब धेरै छैन, रङरोघन, विद्युत् जडान र फिनिसिङको काम बाँकी छ, बजेट हुने हो भने केही समयमै काम सम्पन्न हुने थियो, तर पालिकाले अहिलेसम्म करोड बढीको रकम भुक्तानी गरेको छैन, त्योबाहेक अझै थप बजेट आवश्यक पर्छ, त्यसको व्यवस्थापन गर्नसके काम अगाडि बढ्थ्यो, बजेट नआउँदा काम गर्न सकिएन ?"

निसीखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुनमगरले रु एक करोड ५० लाख सङ्घीय सरकारबाट नआउँदा काम अलपत्र परेको बताए।

सङ्घीय सरकारअन्तर्गतको योजना रहेको हुँदा पालिकाले बजेट हाल्न नमिल्ने उनको भनाइ छ। बजेट व्यवस्थापनका लागि स्वास्थ्य र अर्थमन्त्रालयमा पत्र पठाए पनि अहिलेसम्म उपलब्ध हुन नसकेको पुनमगरले जनाए। अहिले पनि बजेटका लागि पहल भइरहेको उनले जानकारी दिए।

# मूल्यवान बचत तथा ऋण सहकारी संस्थाको साधारणसभा सम्पन्न



देवदह। मूल्यवान बचत तथा ऋण सहकारी संस्था देवदहको १२औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष गोविन्दबहादुर ठड्राईको अध्यक्षता र सहकारी महासंघका संचालक टिका गौतमको प्रमुख आतिथ्यतामा उक्त साधारण सभा सम्पन्न भएको हो। सो अवसरमा बोल्दै सहकारी महासंघका सञ्चालक गौतमले देशको आर्थिक विकासमा सहकारीको भूमिका महशत्वपूर्ण रहेको बताए।

उनले सहकारीको माध्यमबाट संकलन भएको स-साना पुँजीलाई उत्पादन क्षेत्रमा लगानी गर्न सके आर्थिक विकास हुनेमा जोड दिए। उनले शेयर सदस्यहरुले सहकारीमा जम्मा गरेको रकम उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने भए पनि अन्यत्र लगानी गर्दा केही सहकारीमा समस्या देखिने गरेको बताए। गौतमले सहकारीको मालिक शेयर सदस्य भएको बताउँदै शेयर सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्न आवश्यक रहेको औंल्याए। उनले सहकारीहरुले वार्षिक रुपमा गर्ने साधारणसभा शेयर सदस्य केन्द्रित गर्न आवश्यक रहेको बताए।

सञ्चालक गौतमले शेयर सदस्यलाई उद्यमीसंग जोड्नु पर्ने बताउँदै शेयर सदस्यले बचत गरेको रकम संरक्षण गर्ने दायित्व सञ्चालक समितिको रहेको जनाए। उनले सहकारीहरु नीति, विधि र परिधीमा रहेर सञ्चालन गर्न आवश्यक रहेको जोड दिए।

कार्यक्रममा देवदह नगरपालिका-१०, का वडाअध्यक्ष यकबहादुर सुनार, सहकारी सञ्जाल देवदहका अध्यक्ष जागेश्वर पंगेनी, सुनचादी व्यवसायी महिला संघ देवदहका अध्यक्ष सुजाता गहतराज, परिवार सेवा समाजका अध्यक्ष निर्मल सुनाम, सल्लाहकार दिलकुमार विक लगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा अध्यक्ष ठड्राईले वार्षिक प्रतिवेदन, सचिव राधा खड्काले प्रगति प्रतिवेदन, कोषाध्यक्ष विकास गहतराजले आर्थिक प्रतिवेदन र लेखा संयोजक होमबहादुर सुनारले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा विद्यार्थी, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणि, जेष्ठ शेयर सदस्य, बाल बचतकर्ता, उत्कृष्ट सञ्चालकलाई सम्मान गरिएको थियो। संस्थाका उपाध्यक्ष गणेश विकको स्वागत र व्यवस्थापक नरबहादुर नेपालीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

## बुटवलमा...

उद्योग व्यापार संघको मेलालाई दम्भ पालेर अवरोध गर्न कुनै हत्कण्डा नअपनाउन आग्रह गर्दै अध्यक्ष पाण्डेले मेला सञ्चालन गरेरै छाड्ने बताए। यसअघिका तीन वटा मेलामा आफूहरुले तीनवटै संस्थालाई सहयोग गरेको र स्वभाविकरुपमा यसपटक आफ्नो पालो कुरेर बसेकाले कुनै विवाद नगरेको उनले स्पष्ट पारे। राजस्व परामर्श समितिमा उद्योग व्यापार संघ सहित चार वटा संस्थाको समान हैसियतामा सहभागिता हुने गरेको समेत अध्यक्ष पाण्डेले स्पष्ट पारे।

'कान्छो संस्था भनेर अवमूल्यन गर्ने दिवासपना नदेख्न आग्रह छ, हाम्रो मेलामा अवरोध भएमा अरुले मेला सञ्चालन गर्न सक्दैनन्, हामी दिंदैनौं,' अध्यक्ष पाण्डेले भने-'हामी चार संस्थाबिच सहमतिमै आलोपालोमा पुसको मेला गर्न पाउनुपर्छ भन्ने अडानमा छौं, रुपन्देही उद्योग संघले द्वन्द्व निम्त्याउन खोजेको छ, हामीले द्वन्द्व चाहेका छैनौं, तर निहुँ खोजेर भाँजो हाल्न खोजेमा सशक्त प्रतिवाद गर्छौं।'

उद्योग व्यापार संघका संस्थापक अध्यक्ष खिमनारायण पराजुलीले २०७८ पुसमा आफूहरुले देवीनगरमा मेला सञ्चालन गर्दा अन्य तीन संस्थाबिच आलोपालोमा विवाद नहोस् भनेर ततीन संस्थाको नाम उल्लेख भएको र आफूहरु आयोजक भएकाले चौथो पालो स्वतः आफूहरुको भएको बताए। बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही व्यापार संघ र उद्योग संघले पाएको अधिकार आफूहरुले पनि स्वभाविक रुपमा पाउनुपर्ने भन्दै उनले आफूहरुलाई बाइपास गरेमा औद्योगिक प्रदर्शनी आयोजना हुन नसक्ने स्पष्ट पारे। 'जसरी कांग्रेस र एमालेको सरकारको दुई तिहाईको दम्भले काम गरेन र अहिलेको परिस्थिति आयो, त्यसरी नै मेलाका सन्दर्भमा पनि अरु तीन संस्थाको दम्भले अब काम गर्दैन, पुसमा पत्रकार सम्मेलन गरेर तयारी थालेको हाम्रो संस्था चुप लागेर बस्दैन,' पराजुलीले भने-'हामीले मेला गर्न नपाए उहाँहरुले पनि पाउनुहुन्न यसमा सबै प्रष्ट हुन जरुरी छ।'

संघका निवर्तमान अध्यक्ष गोविन्दराज गैरेले उद्योग संघले २०७८ को आफूहरुको मेलामा पनि अवरोध गर्न खोजेको स्मरण गर्दै कोभिड महामारीकाबिच पनि सफलतापूर्वक मेला सम्पन्न गरेको स्मरण गर्दै पुराना संस्थाहरुले दम्भ पालेर षड्यन्त्र नगर्न चेतावनी दिए। 'हामीले आफ्नो पालोमा सबैभन्दा पहिला उपमहानगरमा निवेदन दर्तागेरेर तयारी गरिसकेकाले जुनसुकै मूल्य चुकाएर पनि हामी पुस ५ देखि मेला सञ्चालन गर्छौं,' उनले भने-'९ महिनासम्म औद्योगिक प्रदर्शनी बारे कुनै तयारी नगरेको उद्योग संघले मुलुकमा उत्पन्न दुःखद र विषम परिस्थितिमा अरुले गर्न खाजेको मेलामा भाँजो हाल्न खोज्नुले कदापी राम्रो गर्दैन, यसमा उद्योग संघ सहमतिमा आउनुको विकल्प छैन।'

बुटवल उद्योग पाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले चार संस्थाबिच सहमतिका आधारमा अघि बढ्नुपर्ने बताए। पत्रकार सम्मेलनमा संघका उद्योग उपाध्यक्ष पदम जीसी, महासचिव यमलल मरासिनीलगायतले आफ्ना भनाइ राख्दै परिवर्तित समय र सन्दर्भमा उद्योग संघले दादागिरी देखाएमा प्रतिवाद हुने बताए। रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले यसअघि ०७८ सालमा चार व्यवसायिक संस्थाहरुबिच बुटवल उप-महानगरमा भएको समझदारीअनुसार आफूहरुले प्रदर्शनी गर्न लागेको बताए। तर उद्योग संघले यसअघिका प्रदर्शनीको तयारीबारे एक वर्षअघि नै गतिविधि सार्वजनिकरुपमा सुरु गर्थ्यो। यसपटक संघले अर्को संस्थाको मेलामा भाँजो हाल्न र विवाद निम्त्याउनका लागि मात्रै चार महिनाअघि निर्णय गरेको उद्योग व्यापार संघको बुझाइ छ। आलोपालो मेला लगाउने विषयमा बखेडा झिकेर व्यवसायिक संस्थाबिच खुट्टा तानातान भएमा पुसको मेला विवादित बन्ने कसैले पनि लगाउन नसक्ने परिस्थिति आई बुटवलको व्यवसायिक वातावरण खल्बलिन सक्नेतर्फ सबै सजग हुनुपर्ने संघको भनाइ छ।

## १२ चक्केभन्दा...

चिनियाँ ठेकेदारले पहिलो तीन वर्षमै राजमार्ग विस्तारको काम सक्नुपर्ने थियो। पहिलो, दोस्रो र तेस्रो पटक एक एक वर्ष म्याद थप्दासमेत राजमार्ग विस्तारको काम नसकिएका कारण फेरि चौथो पटक एक वर्षका लागि थपिएको हो।

चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले दुवै खण्डको १ सय १४ किलोमिटर राजमार्ग विस्तार गर्न १७अर्बमा ठेक्का लिएको हो। चौथो पटक म्याद थपिए पनि सडक निर्माणको लागत रकम भने नबढ्ने सडक विस्तार आयोजनाका निर्देशक चूडाराज ढकालले जनाए। चिनियाँ ठेकेदार कम्पनी र कन्सल्ट्यान्टले २०८३ माघसम्मको समय मागेका थिए। आयोजना कार्यालयले २०८३ साउनभित्र काम सक्ने सर्तमा एक वर्ष म्याद थपेको ढकालले जनाए। एसियाली विकास बैंकको ऋण सहयोगमा बुटवल-नारायणगढ सडक विस्तार जारी छ।

गैंडाकोटदेखि दाउन्नेसम्मको लागत ९ अर्ब १३ करोड १८ लाख ९५ हजार छ। दाउन्नेदेखि पश्चिम बुटवलसम्मको लागत ७ अर्ब ८६ करोड ३४ लाख छ।

१ सय १४ किलोमिटर सडकमध्ये २९ किलोमिटर क्षेत्रमा चार लेनको सडक निर्माण हुनेछ। बुटवल-नारायणगढ क्षेत्रमा पर्ने ७० किलोमिटर सडक बजार क्षेत्रमा ६ लेनको निर्माण हुनेछ। दाउन्नेको करिब १४ किलोमिटर क्षेत्रमा तीन लेन बनाउने गरी सडक स्तरोन्नतिको काम भइरहेको छ।

दाउन्नेको सडक १३ मिटर फराकिलो हुनेछ। सामान्य पानी परेका बेला पनि हिलोले सास्ती भइरहेको दाउन्नेमा दसैंमा समेत सुधार हुने छाँटकाँट छैन।

२०७५ चैत ८ मा सुरु भएको राजमार्ग विस्तारको काम गत करिब ७५ प्रतिशत मात्र भएको सडक विभागले बताएको छ।

## बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीको

### ७२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संघको विधान तथा प्रबन्धपत्र नियमावलीको (छैंठौं संशोधन) परिच्छेद- ४ को दफा १५(क) को व्यवस्था बमोजिम संघको ७२औं वार्षिक साधारण सभा २०८२ असोज २७ गते सोमबार सम्पन्न हुन गईरहेको जानकारी गराउँदछौं। अतःबार्षिक साधारण सभामा उपस्थित भई सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दै साधारण सभामा पेश गनुपर्ने कुनै प्रस्तावहरु भएमा २०८२ असोज १९ गते आइतबार कार्यालय समय भित्र लिखित रुपमा संघ सचिवालयमा उपलब्ध गराईदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुमा यसै सूचनाद्धारा सादर अनुरोध गर्दछौं। साथै सम्पूर्ण सदस्य प्रतिष्ठानहरुलाई सदस्यता नवकीरणको लागि हार्दिक अनुरोध गर्दछौ।

**बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही**
**बुटवल -६, चेम्बरमार्ग सुन्दरनगर**
**फोन नं. ०७१-५३१३४६, ५३४७४६**
**ईमेल : butwalcci@gmail.com**

## त्रिभुवन विश्वविद्यालय

## मध्यविन्दु बहुमुखी क्याम्पस

Accredited by UGC Nepal (2022 AD)

कावासोती, नवलपरासी (ब.सु.पू.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

(प्रकाशन मिति : २०८२/०६/०५)

यस क्याम्पसबाट राष्ट्रिय दैनिक पत्रिका "दैनिक लुम्बिनी" मा मिति २०८२/०४/२५ गते आइतबार प्रकाशित सूचनाअनुसार क्याम्पस भवन निर्माण कार्यका लागि रितपूर्वक दर्ता भई २०८२/०५/३० गते खोलिएका E-Bid मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने (७ दिने) आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS समेत) रु. |
|---|---|---|---|---|
| 1. | MMC/UGC/NCB/Works/01/082-83 | Construction Of Madhyabindu Multiple Campus Building Phase-I | Lucky Star Construction New Baneshwor | 12,685,631.58 |

क्याम्पस प्रमुख

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**

**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।**

**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# १२ जिल्लामा उत्कृष्ट नतिजा ल्याई प्रथम भएका छौँ : भण्डारी

*केही राजनीतिक दलहरु तथा विभिन्न पक्षबाट प्रदेश संरचना खारेजीको माग गर्दै आए पनि प्रदेश संरचनाकै कारण पाल्पाको विकासमा सुधार भएको छ। लुम्बिनी प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयअन्तरगत सडक पूर्वाधार विकास कार्यालय स्थापना भएपछि ५ वर्षको अवधिमा पाल्पामा करिब ३० स्थानका नदी तथा खोलामा पक्की पुल बनेका छन्। पक्की पुल बनेपछि जनताले १२ महिना सहज रुपमा यातायातको सुविधा पाएका छन्। कार्यालयले गरेका विकास निर्माण तथा काममा आएका कठिनाइ चुनौतीका विषयमा केन्द्रित रहरे सडक पूर्वाधार विकास कार्यालय पाल्पाका प्रमुख एवं इञ्जिनियर बासुदेव भण्डारीसँग लुम्बिनीकर्मी कृष्ण पोखरेलले गरेको कुराकानीः*

*सर्वप्रथम दैनिक लुम्बिनीको अन्तररंग कुराकानीमा स्वागत छ।*

धन्यवाद छ।

**» *अब कुराकानी सुरु गरौं, गत वर्ष कार्यालयको प्रगती अवस्था कस्तो रह्यो ?***

गत वर्ष कार्यालयको लागि प्रदेश सरकारबाट रु ६९ करोड ९५ लाख ४३ हजार बजेट बिनियोजन भएको थियो। जसमा रु ५४ करोड ८३ लाख ५ हजार खर्च भएको छ। प्रतिशतमा भन्नुपर्दा ७८.३८ प्रतिशत बजेट रकम खर्च भएको छ। लुम्बिनी प्रदेशमा सडक पूर्वाधार कार्यालय पाल्पा १२ जिल्लामा उत्कृष्ट नतिजा ल्याई प्रथम भएको छ।

चालुतर्फ १ करोड ७ लाख ९३ हजार बजेट रहेकोमा ८० लाख ७६ हजार ७ सय ६० खर्च भई ७४.४३ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ रु ६८ करोड ८७ लाख ५० हजार बजेट बिनियोजन भएकोमा रु ५४ करोड २ लाख ७२ हजार खर्च भई ७८.४४ प्रतिशत खर्च भएको छ।

**» *कार्यालयले गत वर्ष गरेका मुख्य-मुख्य कामहरू के-के हुन् ?***

गत आर्थिक वर्षमा १ सय ८१ वटा योजनाहरु रहेका थिए। जसमा १४९ वटा आयोजना सम्पन्न भएका छन्। १९ वटा बहुवर्षीय योजनाहरु कार्यान्वयनमा रहेका छन्। ९ वटा खरिद प्रक्रियामा रहेका छन्। जसमा ४ वटा आयोजना मात्र कार्यान्वयन हुन सकेनन्। ८५ प्रतिशत योजनाहरु सम्पन्न भएका छन्।

**» *जिल्लामा सडक, पुल, कालोपत्रे, ग्रावेल तथा पक्की नालीको अवस्था के छ ?***

गत वर्ष कुल आयोजनामध्ये १० वटा सडक पुल, २५ वटा सडक मर्मत, १४६ वटा सडक आयोजना रहेका थिए। आ.व. २०८१/ ०८२ मा कालोपत्रे १.७३ मिटर, कालोपत्रेको अन्तिम तयारीमा रहेको ९.१ किलो मिटर, ग्रावेल सडकल ५.२८ किलोमिटर, सडक ढलान ९ किलोमिटर, पक्की नाली १८.५ किलोमिटर, १७ किलोमिटर माटो कटिङ्ग, सडक चौडा, नयाँ ट्र्याक १८ किलोमिटर, ९ वटा पक्की कजवे कल्भर्ट निर्माण, टेवा पर्खाल ७ हजार ५१ घनमिटर, ग्याविन पर्खाल ५ हजार ३ सय २५, नयाँ पक्की पुल ४ वटा निर्माण सम्पन्न र ३ वटा झोलुंगे पुल निर्माण भएका छन्।

**» *किन कार्यालयले सबै योजना कार्यान्वयन गर्न सकेन ?***

कार्यालयबाट ४ वटा योजना मात्र कार्यान्वयन गर्न सकिएन। जसमा ३ वटा झोलुङ्गे पुल रहेका छन्। ३ वटै पुलमध्ये १ वटा ५ लाख, अन्यमा २०/२० लाख रुपैयाँ रहेको र पर्याप्त बजेट नहुँदा कार्यान्वयन भएन।

**» *जिल्लाभित्रको मुख्य सडक रामपुर कपुरकोटको हुमिन-ताहुँ खण्ड र सालभण्डी-सुन्दर ढुंगा सडकको अवस्था कस्तो छ ?***

अन्तर जिल्ला तथा तराई पहाड जोड्ने, गौरवको आयोजना सालभण्डी सुन्दरढुंङ्गा आर्थिक वर्ष ८१/ ०८२ सम्म २६ करोड खर्च भइसकेको छ। यो वर्ष ११ करोड विनियोजन भएकोमा १० करोड खर्च भएको छ। आयोजनाको भौतिक प्रगती ७० प्रतिशत रहेको छ। केन्द्र र प्रदेश सरकारको म्याचिङ्ग फन्ड रकम बराबर भएको जसमा प्रदेशले ५ करोड र केन्द्रले ६ करोड मात्र बजेट राखेकोले प्रदेशबाट थप १ करोड बजेट नआएको कारण खर्च नभएको हो। अब यो सडकको वेस गरेर कालोपत्रेको काम मात्र बाँकी रहेको छ। आउँदो ६ महिनाभित्र बजेट भएमा काम सम्पन्न गर्ने लक्ष्य राखेका छौं। अर्को योजना प्रदेश गौरवको आयोजना रामपुर-कपुरकोट सडक अन्तरगत ताहुँ - हुमिन खण्ड २४ करोड ५६ लाख ३२ हजारमा सम्झौता भएकोमा गत वर्षसम्मको खर्च १० करोड ५८ लाख ७७ हजार खर्च भएकोमा गत वर्षमा ४ करोड रुपैयाँ बजेर रहेकोमा २ करोड ६५ लाख ३८ हजार रुपैयाँ खर्च भएको छ। यो आयोजनाको भौतिक प्रगती ५० प्रतिशत भएको छ। ४ किलोमिटर ग्रावेल भएको, पिचको लागि धेरैजसो संरचना निर्माण भएको छ। चालु आर्थिक वर्षभित्र काम सम्पन्न गर्ने लक्ष्य कार्यालयले लिएको छ। सालभण्डी सुन्दर ढुङ्गा सडकको लागि ९ करोड आवश्यकत पर्छ, तर बजेट जम्मा ४ करोड ५० लाख रुपैयाँ मात्र विनियोजन भएको छ। हुमिन-ताहुँ सडकको लागि १४ करोड रुपैयाँ आवश्यक पर्नेमा बजेट ५ करोड मात्र विनियोजन भएको छ।



बासुदेव भण्डारी
प्रमुख एवं इञ्जिनियर,
सडक पूर्वाधार विकास कार्यालय पाल्पा

**» *पहुँच मार्गअन्तरगत हुमिन र पूर्वखोला सडकको अवस्था के छ ?***

पालिका पहुँच मार्ग हुमिन पूर्वखोला १७ करोड १५ लाख ३० हजारमा सम्झौता भएकोमा १० करोड २६ लाख ६८ हजार खर्च भएको छ। आयोजनाको ६० प्रतिशत भौतिक प्रगती भएको छ। गत वर्ष २ करोड ५० लाख रुपैयाँ मात्र विनियोजन रहेकोमा १ करोड ३० लाख रुपैयाँ खर्च भएको छ। योजना सम्पन्न गर्न ७ करोड ५० लाख बजेट आवश्यक पर्नेमा ३ करोड ५० लाख बजेट मात्र विनियोजन भएको छ। बजेट प्रशस्त आएमा यो वर्ष हुमिन पूर्वखोला सडक पहुँच मार्ग योजना सकिने छ।

**» *कार्यालयले योजनाहरुमा गुणस्तरीय कायम कसरी गर्दै आएको छ ?***

कार्यालयमा कर्मचारी संख्यामा कमी भए पनि कामको गुणस्तरमा कुनै किसिमको कमि कमजोरी हुन दिएका छैनौ। कार्यालयले ज्यालादारी इञ्जिनियर तथा सवइञ्जिनियर भर्ना गरेर कामहरु गर्दै आएको छ। प्रत्येक योजनाको मुख्य-मुख्य काममा कर्मचारी खटाएर परीक्षण तथा निगरानी गर्दै आएको छौं। योजनामा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र योजना अगाडि बढाउँछौं। योजनामा सिमेन्ट, बालुवा, छड डण्डीको परीक्षण गर्छौं। ढलानको मिक्स क्यिूव टेष्ट, विटियुमिन टेष्ट अलकत्रको काम भएपछि पोरकर्टिङ्ग गरेर थिग्नेस नाप्ने, पुलमा मिक्स डिजाइनदेखि सर समान, प्रत्येक क्षण क्षणको सरसमानको गुणस्तरमा पास भएपछि मात्र निर्माण व्यवसायीलाई भुक्तानी गर्ने गरेका छौं। कहिले काहीँ जानेर वा नजानेर भएका गुणस्तरहीन कामहरुलाई पुन सच्चाउने गरेका छौं। गुणस्तरलाई पहिलो नम्बरमा राखेर काम गर्दै आएका छौं।

**» *कार्यालयमा कर्मचारी दरबन्दीको अवस्था कस्तो छ ?***

कार्यालयमा स्वीकृत दरबन्दी १४ जनाको रहेको छ। ९ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा ४ जना मात्र स्थायी कर्मचारी रहेका छन्। २ जना इञ्जिनिय र ४ जना सवइञ्जिनियर कर्मचारीको दरबन्दी खाली रहेको छ। आधा कर्मचारी मात्र कार्यालयमा कार्यरत रहेका छन्। योजनाको संख्या बढ्दै जाने र कर्मचारीको संख्या वार्षिक रुपमा घट्दै गएकोले काम गर्न कठिनाइ भएको छ।

**» *योजना संकलन तथा छनौटको प्रक्रिया के हो ? योजनाको प्राथमिकता निर्धारणको आधार के हो ?***

प्रत्येक वर्ष योजना बढ्दै गएका छन्। टुक्रे योजना बढ्दै गएका छन्। गत वर्ष १ सय ८१ वटा र चालु आ.व.मा २ सय ७ वटा योजना रहेका छन्। कामलाई गुणस्तर तथा व्यवस्थित गर्न प्रदेश सडक गुरुयोजना पास गरी कार्यान्वयन गर्न कार्यालयले पटक-पटक माग गर्दै आएको छ। विडम्बना गत आ.व.मा प्रदेश गुरुयोजना तयार भएको छ, तर गुरुयोजनामा रहेर बजेट आउन सकेन। बहु वर्षीय योजनाहरुमा मात्र मन्त्रालयले कार्यालयसँग आवश्यक सरसल्लाह तथा बजेटका बारेमा राय सुझाव तथा सल्लाह लिने गर्दछ। तर स-साना योजनाहरु जनताको मागको आधारमा जनप्रतिनिधिहरुबाट नै बढी आउने गरेको छ। अधिकांश योजना १० लाखदेखि ३० लाख रुपैयाँसम्मका रहेका छन्। ७० प्रतिशत योजनाहरु २० लाख रुपैयाँभन्दा मुनिका रहेका छन्। टुक्रे योजना बढी, यातायात गुरुयोजना कार्यान्वयन नहुँदा बाहिरका योजना आउने गरेका छन्।

**» *टुक्रे योजना कार्यान्वयन गर्न कार्यालयलाई कत्तीको कठिन भएको छ ?***

गत वर्ष १ सय ८१ वटा, चालु आवमा २ सय ७ योजना रहेका छन्। ५ लाख र १० लाखका योजना र करौंडोको योजनाको सबै प्रक्रिया एउटै हुन्छ। यस वर्ष प्रदेश यातायात सडक गुरुयोजना संसदबाट पास भएर लागू हुन्छ भन्ने थियो, तर हुन सकेन। यातायात गुरुयोजनामा पाल्पामा ५९ वटा सडक, २ वटा प्रदेश लोकमार्ग गरी ६१ वटा मात्र समोवेश रहेका छन। प्रदेश यातायात गुरुयोजना अनुसार भएको भए हामीले ६१ वटा योजना मात्र हेरे पुग्ने थियो। यही जनशक्तिले काम गर्न सक्ने थियो। जनशक्ति कम योजना धेरै, प्रगती देखाउन सकिने योजना कम हुँदा काम गर्न निकै चुनौती र कठिनाइ रहेको छ।

**» *ग्रामीण सडक र पहुँच विस्तारका योजनाहरु के-कस्ता छन् ?***

कार्यालयले पालिकादेखि पालिका जोड्ने, अन्तरजिल्ला जोड्ने, अन्तरप्रदेश जोड्ने, सडक तथा पुलमा काम गर्दै आएको छ। कृषि, पर्यटन, उद्योगधन्दा कलकारखानालाई जोड्ने उद्देश्य प्रदेश सरकारको रहेको छ। पाल्पामा पुल र सडकको क्षेत्रमा अति नै राम्रो काम भएको छ। पाल्पामा प्रदेश सरकार आएपछि कम्तीमा २५ वटा पुल निर्माण भएका छन्। गत आवमा मात्र ४ वटा, दसैंसम्म ४ वटा पुल निर्माणको कार्य सकिएर हस्तान्तरण हुनेछ।

**» *कार्यालयको चालु आ.व.मा बजेटको अवस्था कस्तो छ ?***

कार्यालयको चालु खर्चमा १ करोड ४३ लाख ७० हजार बजेट, पुँजीगतमा ३ वटा कार्यक्रमको लागि बजेट विनियोजन भएको छ। समानिकरण अन्तरगत सडक तथा पुल निर्माण कार्यक्रमतर्फ १८१ वटा आयोजनाको लागि ६३ करोड ३ लाख, सडक पुल मर्मत तथा सडक सुरक्षा कार्यक्रमको लागि २५ वटा आयोजनाको लागि ७ करोड ५० लाख र शसर्तको लागि एक वटा योजनाको लागि १ करोड गरी जम्मा ७१ करोड ५३ लाख विनियोजन भएको छ। कार्यालयको लागि पुँजीगत र चालु गरी ७२ करोड ९६ लाख ७० हजार, जसमा १८ वटा योजना अघिल्लो वर्षदेखि चलेका बहुवर्षीय योजना रहेका छन्।

**» *रामपुर-कपुरकोटअन्तरगत हार्थोक-छहराको सडकको अवस्था के छ।***

रामपुर-कपुरकोट सडक प्रदेश गौरवको आयोजना हो। सबैभन्दा बढी लम्बाइ पाल्पामा रहेको छ। हार्थोक-छहरा खण्ड पाल्पाको कार्यालयअन्तरगत नभई यातायात पूर्वाधार निर्देशनालय बुटवलअन्तरगत रहेको छ। बहुवर्षीय योजनाअनुसार चालु आवमा ५ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको जानकारी छ। उक्त बजेटबाट हार्थोकदेखि बतासेसम्म काम गर्ने बताइएको छ। हार्थोक-छहरा सडकअन्तरगत पाल्पा कार्यालयले छहरा बजार वरिपरि क्षेत्रमा सडक कालोपत्रे गर्न ७५ लाख रुपैयाँ विनियोजन भएको छ। गत वर्ष पनि सोही शीर्षकअनुसार छहरा बजार क्षेत्रमा कालोपत्रे भएको छ।

**» *कार्यालयको स्थानीयतहसँग समन्वय सहकार्य कस्तो छ ?***

कार्यलयका सबै योजना पाल्पाका १० वटै पालिकामा केन्द्रित रहेका छन। कुन योजना कुन पालिकाको कुन वडामा परेको छ भन्ने कुरा सम्बधित पालिकाको अध्यक्ष, वडाको वडा अध्यक्षसँग समन्वय गरेर प्रत्येक योजनाको स्टिमेट, गर्ने काम गर्दा अनुगमन निरीक्षण, सहकार्य गर्दै आएका छौं। कार्यालयले पालिकासँग स्टिमेटदेखि सम्पन्न नहुँदासम्म पालिकासँग समन्वय गरेका छौं।

**» *कार्यालयलाई चुस्त दुस्त जनतामैत्री बनाउन के-कसरी काम गर्नु पर्छ ?***

कार्यालयमा तोकिएको दरबन्दीअनुसारको कर्मचारी प्रदेश सरकारले व्यवस्थापन गर्नुपर्दछ। प्रादेशिक यातायात गुरुयोजनाअनुसार बजेट विनियोजन हुनु पर्दछ। कार्यालयलाई आवश्यक परेको श्रोत साधनको व्यवस्था गरिनु पर्दछ। राम्रो कामको पुरस्कार गर्ने प्रणाली हुनु पर्दछ। बिनियोजित बजेट समयमै निकासा हुनुपर्दछ।

**» *सडक सीमा क्षेत्र (राईट अफ वे) को अवस्था के छ ?***

अहिले प्रदेशका भित्रि सडकमा अतिक्रमण बढेको छ। सडकहरुलाई अतिक्रमण नगरौं। अहिले अतिक्रम गरेको सडक कुनै न कुनै दिन सरकारले हस्तक्षेप गरी प्रयोगमा ल्याउने छ। कसैले सडक अतिक्रमण गरेको अवस्थामा सडक पूर्वाधार विकास कार्यालय तथा प्रहरी प्रशासनमा खबर गरौं। रामपुर- कपुरकोट सडकमा अतिक्रमण बढेको छ। प्रादेशिक यातायात सडक गुरुयोजनाअन्तरगत प्रादेशिक सडक र प्रादेशिक लोकमार्ग गरी दुईथरी सडक रहेका छन्। प्रादेशिक सडकको अधिकार क्षेत्र सडकको मध्यभागबाट दायाँ बायाँ १०/१० मिटर र प्रादेशिक लोकमार्गको लागि बिच सेन्टरबाट १५/१५ मिटर पहाडको लागि गरेको छ। यो एरियाभित्र कुनै संरचना नबनाउ, बनाएको खण्डका स्वयम् व्यक्ति नै जिम्मेवार हुनेछ। प्रदेश सरकारले कुनै पनि क्षतिपूर्तिको व्यवस्था गरेको छैन।

## अस्पताल भवन तीन वर्षदेखि अलपत्र

# ठेकेदारको लापरबाहीले निर्माण कार्य अधुरै



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिकाको-१ यवादीमा आयुर्वेद अस्पताल निर्माण कार्य अलपत्र परेको छ। ठेकेदारको लापरबाहीले भवन निर्माण कार्य अलपत्र परेको हो। २०७९ सालमा शिलान्यास भएको उक्त अस्पतालको भवन निर्माण कार्य अलपत्र पर्दा भवन खडहरमा परिणत हुन लागेको छ।

सेफ इञ्जिनियरिङ विल्डर्स चितवनले १५ महिनामा सम्पन्न गर्ने गरी २०७९ भदौमा सुरु भएको निर्माण कार्य हालसम्म सकिएको छैन। ३ वर्ष पूरा भैसक्दा पनि भवन निर्माणको काम सक्ने गरी निर्माण कम्पनीले काम अगाडि बढाएको छैन। एकसरो भवनको संरचना निर्माण भएता पनि अन्य काम अलपत्र अवस्थामै छ। उक्त अस्पताल २०७७ सालमै निर्माण सुरु गर्न लागिएको अवस्थामा जग्गा अपुग हुने देखिएपछि जग्गा थप गरी ०७९ बाट निर्माण आरम्भ गरिएको हो।

दुई करोडको लगानीमा १८ कोठे आयुर्वेदिक अस्पताल बन्ला र सहज उपचार सेवा पाइएला भन्ने स्थानीयको सपना अपुरै छ। अस्पताल निर्माणमा सहयोग गर्न सबै पक्षसँग आग्रह गरिएकोमा अहिलेसम्म कुनै सुनुवाइ नभएको स्थानीयवासीले गुनासो गरेका छन्। ठेकेदारको लापरबाहीका कारण अस्पताल खण्डहर हुने अवस्थामा पुगेको वडाध्यक्ष पदमराज गुरुङले बताए।

अस्पताल संरक्षण समितिका अध्यक्ष समेत रहेका गुरुङले झण्डै दुई करोडको आयोजना अलपत्र र लथालिङ्ग अवस्थामा रहेको जनाए। हामीले पटक पटक ठेकेदारलाई ताकेता गर्दा पनि कुनै सुनुवाइ गरेनन्। हामीले शहरी विकास कार्यालय पोखरालाई पनि कामको अनुगमन गरी ठेकेदारलाई कारबाही गर्न माग गरेका छौं। ठेकेदारको हेलचेक्र्याइले गर्दा निर्माण कार्य अघि बढ्न नसकेको गुरुङले बताए। अस्पतालको सेवा प्रभावकारी बनाउने योजना अपुरो भवन बाधक बनेको उनको भनाइ छ।

'शिलान्यास गरेको लामो समय बितिसक्दा पनि ठेकेदारले चासो नदिँदा अस्पताल निर्माण अघि बढ्न सकेको छैन,' वडाध्यक्ष गुरुङले भने-'निर्माण कार्य अघि बढ्न नसक्दा बर्सेनि आउने बजेट पनि फ्रिज हुँदै गएको छ।' ३ वर्षअघि शिलान्यास गरिएको भए पनि अस्पताल निर्माणको काम ५ वर्ष अघिदेखि सुरु भएको हो, तर हालसम्म पनि अलपत्र अवस्थामै रहेको उनले बताए।

नयाँ भवनको काम सकिए जनशक्ति व्यवस्थापन गरेर उपचार सेवा प्रभावकारी बनाउनहुन्थ्यो, तर कहिले भवन बन्छ ? भवन बन्ने टुंगो छैन। ठेकेदारले निर्माणमा ढिलाइ गर्दै कृत्रिम बाहाना बनाउने प्रवृत्ति देखाएको अस्पतालका प्रमुख हरि अर्यालको गुनासो छ। 'थोरैथोरै काम गर्दै म्याद थप्दै गरेको निर्माण कम्पनीले कहिलेसम्म काम सम्पन्न गर्ने हो कुनै टुंगो छैन।'- अर्यालले भने।

भवन निर्माण भएकै स्थानमा यसअघि आयुर्वेद अस्पताल सञ्चालनमै थियो। तर अब बन्ने अस्पतालबाट बाथ रोगीका लागि स्टिम बाथ, मसाज, बिरामी परीक्षण, औषधी उपचार, जडीबुटी नमूना संकलन र पञ्चकर्म सेवा सञ्चालन हुने बताइएको छ।

भवन शहरी विकास तथा भवन निर्माण संघीय आयोजना कार्यान्वयन इकाई कास्कीद्वारा टेण्डर आव्हान भै निर्माण सुरु भएको हो। अस्पतालका लागि जग्गा स्थानीय स्व. भिमबहादुर पाण्डे र उनका छोराहरु कुमार पाण्डे, कल्याण पाण्डे र दिपेन्द्र पाण्डेले निःशुल्क प्रदान गरेका थिए। भवनको नर्माण कार्यमा ढिलाइ भएको विषयमा बुझ्न निर्माण कम्पनीका सूर्यप्रसाद पौडेललाई सम्पर्क गर्दा सम्पर्क हुन सकेन।

# जनउत्थानको साधारणसभाबाट निर्णय प्रमाणित प्रतिनिधि चयन

भैरहवा। रुपन्देहीको जनउत्थान बचत तथा ऋण सहकारी संस्थाको २०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाको दश वटै शाखामा शनिबार एकैसाथ सुरु भएको साधारणसभा विभिन्न २२ वटा प्रस्ताव पारित गरी निर्णय प्रमाणितका लागि प्रतिनिधि समेत छनोट गरेको हो।

जनउत्थान साकोस, पहुँच महिला साकोस, गौमुखी साकोस, बुद्ध बहुउद्देश्यीय सहकारी, पटाकसार साकोस, सुदृढ साकोस र सगोल महिला साकोस गरी हालसम्म ७ वटा सहकारीहरु एकीकरण गरी बनेको सहकारीमा हाल ३९ हजार २ सय ३७ सदस्यहरु रहेका छन्।

व्यवसायिक र आत्मनिर्भर सदस्य बनाउनु, गुणस्तरी, सुरक्षित र प्रभावकारी वित्तीय सेवा प्रदान गर्नु, आधुनिक, दिगो र व्यवस्थित साकोस बनाउनु, सदस्यहरुको सु-सम्बन्ध स्थापना गरी समुदायमा साकोसको छवि उच्च राख्नेलगायतका उद्देश्य लिइ स्थापित संस्थाको २०८२ को असाढ मसान्तसम्म संस्थाको कुल सम्पत्ति ४ अर्ब ३० करोड ८४ लाख रहेको छ। यस्तै शेयर पुँजी २८ करोड ४३ लाख, बचत संकलन ३ अर्ब ४४ करोड ९९ लाख, ऋण लगानी ३ अर्ब २९ करोड १३ लाख, जगेडा कोष ४० करोड ४७ लाख, शुद्ध बचत ११ करोड ९७ लाख रहेको छ।

रुपन्देही जिल्लाभर कार्यक्षेत्र रहेको संस्था २०५९ सालमा ३१ जना सदस्यबाट सय/सय रुपैयाँ उठाएर बाग्लुङ सामुदायिक संस्थाबाट सुरु भई २०६२ पौष १ गते जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. को रुपमा संस्था दर्ता भएको थियो। हाल १० वटा सेवा केन्द्रमार्फत् सदस्यलाई वित्तीयलगायतका अन्य सेवा प्रदान गर्दै आएको छ।

कुल सदस्यमध्ये १० हजार ८ सय ९१ जना सदस्यले संस्थाबाट ऋण लिएर विभिन्न पेशा तथा व्यवसाय गर्दै आएको संस्थामा अहिले डिजिटल प्रविधिको प्रयोग गर्दै ९ हजार ३ सय ४४ जनाले मोबाइल बैंकिङ प्रयोग गर्दै आएका छन्।

संस्थाका अध्यक्ष गिरीप्रसाद पुनले जनउत्थान आर्थिक मात्र नभई सामाजिक रुपान्तरणका लागि पनि अग्रसर रहेको बताए। शेयर सदस्यहरुलाई व्यवसायिक रुपमा सक्षम बनाउने संस्थाको प्रयास केन्द्रित गर्ने, सेवालाई अत्याधुनिक, विस्तृत र प्रतिस्पर्धी बनाउँदै बचतमा न्यायोचित प्रतिफलको साथ सुरक्षित क्षेत्रमा लगानी गर्नेमा प्रतिबद्ध रहेको उनले जनाए।

८९ जना कर्मचारी रहेको संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारीका सिद्धान्तहरुलाई आत्मसात गर्दै अघि बढेको र बचत तथा ऋणको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको लागि काम गर्दै आएको उपाध्यक्ष सरु रानाले बताइन्। वित्तीय संकटको बाबजुद सदस्यका माझ राम्रो छवि बनाउँदै सदस्यहरुको मन जित्न सफल संस्थाले १० प्रतिशत शेयर लाभान्स बाँडेको छ।

सभामा सबै सेवा केन्द्र स्तरीय साधारणसभाबाट चयन भएका निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरु, सबै सेवा केन्द्रका उप-समितिहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारहरु, कर्मचारीहरुको उपस्थितिमा संस्थाको अन्तिम निर्णय प्रमाणित सभा आगामी साता हुने संस्थाका प्रमुख कार्यकारी अधिकृत रनबहादुर थापाले जानकारी दिए।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com